Together We Can Achieve

नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेन्ट्स
Nepal Association of Tour & Travel Agents

NATTA 1966

NATTA 60 YEAR 1966-2026 ANNIVERSARY

Goma Ganesh, Gairidhara, Naxal Kathmandu

Reg No.: 071-27/11/2022

Tel: 977-1-4519409
4518661, 4519616

E-mail: admin@natta.org.np
info@natta.org.np

Website: www.natta.org.np

SWC Affiliation No.: 25285

नाट्टा नं.: ०१३९-०८३/८४ मितिः २०८३ असोज २२ गते

विषयः सदस्यता अद्यावधिक तथा नवीकरण गर्ने विशेष अवसर सम्बन्धी परिपत्र ।

सम्पूर्ण सम्बन्धित नाट्टा सदस्य महानुभावहरू,

नाट्टाको गौरवमय यात्रामा यहाँहरूले पुऱ्याउनुभएको योगदानको उच्च मूल्याङ्कन गर्दै, नाट्टा कार्यसमितिको मिति २०८३ अशोज १८ गते बसेको ५औं कार्यसमितिको निर्णय बमोजिम विविध कारणवश दुई वा सो भन्दा बढी आर्थिक वर्ष देखि आफ्नो सदस्यता नवीकरण गर्न छुट्नुभएका सदस्यहरूलाई पुनः संस्थामा आबद्ध गराउने तथा एकीकृत गर्ने उद्देश्यले सदस्यता पुनः स्थापना, अद्यावधिक तथा नवीकरण गर्ने विशेष अवसर प्रदान गर्ने निर्णय भएको व्यहोरा सहर्ष जानकारी गराउन चाहन्छौं । जस अनुसार देहायबमोजिमका आधारमा उपरोक्त छुट एवं अवसरको सुविधा लिन सकिने समेत व्यहोरा सम्बन्धित सबैमा सुचित गरिन्छ ।

बुझाउनुपर्ने शुल्कः सम्बन्धित सदस्य कम्पनीहरूले पछिल्लो एक आर्थिक वर्षको र चालु आर्थिक वर्षको नविकरण शुल्क गरी एकमुष्ट रू. २१,०००/- (अक्षरेपी एक्काईस हजार रुपैंया मात्र) ।

आवश्यक कागजातः नवीकरणका लागि कम्पनीका सम्पूर्ण अद्यावधिक कागजातहरू (पर्यटन इजाजत, पछिल्लो कर चुक्ता, अन्तिम संशोधित शेयर लागत आदि अनिवार्य रूपमा पेश गर्नुपर्नेछ) ।

अन्तिम म्यादः यस सुविधाको उपभोग गर्न सदस्यहरूले आगामी तीन महिनाभित्र (मिति २०८३ पौष मसान्तसम्म) ।

यसर्थ, तोकिएको समयसीमाभित्र आफ्ना सम्पूर्ण कागजातहरू र तोकिएको शुल्कसहित नाट्टा सचिवालयमा सम्पर्क गरी यस विशेष अवसरको लाभ लिनुहुन सम्पूर्ण सम्बन्धित सदस्यज्यूहरूमा हार्दिक अनुरोध गर्दछौं ।

नाट्टा, यहाँहरूको सक्रिय सहभागिता र निरन्तर सहकार्यको अपेक्षा गर्दछ ।

भवदीय,

दीकी शेर्पा
कोषाध्यक्ष - नाट्टा

NATTA 1966 Together We Can Achieve